# बागमती गाउँपालिका  मकवानपुर

# बागमती राजपत्र

खण्डः ८    संख्याः २१    मितिः २०८१।११।१८

## भाग -२

## बागमती गाउँपालिका, मकवानपुरको जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी नियमावली, २०८१

बागमती गाउँपालिका, मकवानपुरको जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी बागमती गाउँपालिका, गाउँ कार्यपालिकाले स्वीकृत गरी तपसिल बमोजिमका नियमहरु लागू गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी नियमावली, २०८१" रहेको छ ।

(२) यो नियमावली बागमती गाउँपालिका, मकवानपुरको राजपत्रमा प्रकाशन भए पश्चात् लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,

(क) "ऐन" भन्नाले बागमती गाउँपालिकाको जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले बागमती गाउँपालिकाको जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी नियमावली, २०८१ सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले बागमती गाउँपालिकाको जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१ को कार्यान्वयनका लागि ऐन र नियमावलीले गरेको व्यवस्था बमोजिम गाउँ कार्यपालिकाले निर्माण गरेका विषयगत कार्यविधि सम्झनुपर्छ।

(घ) "संघीय ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले बागमती गाउँ कार्यपालिका सम्झनु पर्छ।

(च) "गाउँपालिका" भन्नाले बागमती गाउँपालिका सम्झनु पर्छ।

(छ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ज) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ञ) "इजाजत" भन्नाले गाउँपालिकाबाट कार्यपालिकाको निर्णय अनुसार खानी, खनिज तथा वन्यजन्तु संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र उपयोगका लागि दिइने अनुमति सम्झनुपर्छ।

(ट) "प्रारम्भिक बातावरणीय परीक्षण" भन्नाले तीन रोपनी भन्दा बढी क्षेत्रफल भएको जग्गाको तोकिए बमोजिमको बातावरणीय परीक्षण प्रतिवेदनलाई जनाउँछ।

(ठ) "निजी जग्गा व्यवस्थापन" भन्नाले बागमती गाउँपालिका क्षेत्र भित्र रहेका निजी जग्गाहरु (खानी बाहेक) आवास, कृषि वा गैर कृषि, व्यवसायिक वा गैर व्यावसायिक प्रयोजनको लागि निजी हकभोग लालपुर्जा भित्रको जग्गा मात्र खन्ने, सम्याउने पुर्ने कार्यलाई जनाउँछ।

(ड) "अन्तिम अधिकार प्राप्त निकाय" भन्नाले गाउँ कार्यपालिकालाई जनाउँछ।

(ढ) "मेशिनरी उपकरण" भन्नाले नदीजन्य प्राकृतिक पदार्थहरु उत्खनन् तथा संकलनका लागि प्रयोग गरिने एक्साभेटर, व्याकहो लोडर वा सोही प्रकृतिको अन्य उपकरणलाई सम्झनु पर्दछ।

(ण) "पर्यापर्यटन" भन्नाले वातावरणमा कुनै हानी नोक्सानी नहुने गरी पर्यटनसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्नुलाई सम्झनुपर्दछ।

(त) "खनिज पदार्थ" भन्नाले जमिनको सतह वा भूगर्भभित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेकका कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गारिक पदार्थ सम्झनुपर्छ।

(थ) "खानीद्वार" भन्नाले खनिज क्षेत्रबाट खनिज पदार्थ बाहिर निकासा गरिने मूलद्वार सम्झनुपर्छ।

(द) "केन्द्र" भन्नाले खानी तथा खनिज श्रोतहरूको विकास गर्न एवम् खनिज कार्यमा सहयोग पुऱ्याउन गाउँपालिकाले सञ्चालन गर्ने खानी तथा खनिज पदार्थ विकास केन्द्र सम्झनुपर्छ।

(ध) "समिति" भन्नाले गाउँपालिकाले गठन गरेको खानी तथा खनिज पदार्थ विकास केन्द्र अन्तर्गतको सञ्चालन तथा व्यवस्थापन समिति बुझ्नुपर्छ।

(न) "खोजतलास कार्य" भन्नाले खानी वा खनिज पदार्थ पत्ता लगाउन वा खनिज पदार्थको प्रकार, गुणास्तर, परिमाण, गुणास्तर आदि निर्धारण गर्न गरिने सबै प्रकारको जाँचपडताल एवम् सम्भाव्यता अध्ययन कार्य सम्झनुपर्छ।

(प) "उत्खनन् कार्य" भन्नाले खनिज पदार्थको उत्खनन्, उत्पादन, शुद्धीकरण, प्रशोधन, ढुवानी, सञ्चय वा बिक्री वितरण गर्ने कार्य सम्झनुपर्छ।

(फ) "खनिज क्षेत्र" भन्नाले खनिज कार्य गर्ने अनुमति पत्रमा उल्लिखित गाउँ कार्यपालिकाले तोकेको एवं निर्धारण गरेको क्षेत्र सम्झनुपर्छ।

(ब) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि तथा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

## परिच्छेद-२
## खनिज कार्य गर्ने अधिकार

**३. खनिज कार्य गर्ने अधिकार :** (१) खनिज कार्य गर्ने अधिकार नेपालको संविधानको अनुसूची ८ को सि.नं. २१, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वन ऐन, २०७६, वातावरण संरक्षण ऐन, २०७६ को दफा ११ को उपदफा (२) र (४) एवं ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा (४) को उपदफा (४), बागमती प्रदेश सरकारद्वारा जारी नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ बमोजिम यस गाउँपालिकाको स्थानीय सरकारलाई हुनेछ।

(२) यस ऐनको अधीनमा रहि गाउँपालिका आफैँले गर्ने वा अरू कुनै व्यक्तिलाई अनुमति प्रदान गराउन सक्नेछ।

(३) स्थानीय सरकारलाई खनिज कार्यमा पुँजी लगानी गरी वा अन्य कुनै प्रकारले वा आफैँले सञ्चालन गरेर हिस्सेदार बन्ने अधिकार हुनेछ।

**४. खनिज कार्यको वर्गीकरण :** (१) खनिज पदार्थको वर्गीकरण धातु र अधातु गरी दुई किसिमको हुनेछ, जुन अनुसूची १ मा उल्लेख गरिए बमोजिम हुनेछ।

**५. खनिज कार्य गर्ने अनुमति :** (१) बागमती गाउँपालिकामा ऐन र नियमको अधीनमा रहि खनिज कार्य गर्न चाहने व्यक्तिले गुणस्तर तथा परिमाण यकिन भइनसकेको खनिज पदार्थको हकमा सर्वप्रथम खोजतलास कार्य गर्ने अनुमतिको लागि र गुणस्तर तथा परिमाण यकिन भइसकेको खनिज पदार्थको हकमा उत्खनन् कार्यको प्रस्तावित योजना समेत संलग्न गरी उत्खनन् कार्य गर्ने अनुमितको लागि अनुसूची २ मा दिइएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि गाउँपालिकाले आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति वा संगठित संस्था आर्थिक एवम् प्राविधिक क्षमता भएको र खनिज कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास खनिज पदार्थको सम्बन्धमा गाउँपालिकाले उपयुक्त देखेमा खनिज सम्झौता गरी व्यक्ति वा संगठित संस्थालाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा उत्खनन् कार्यको योजना उपयुक्त देखेमा तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई उत्खनन कार्य गर्ने अनुमति दिनेछ।

(५) गाउँपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण र खोजतलास कार्य गरी पत्ता लगाएको गुण र परिमाण समेत यकिन भइसकेको खनिज पदार्थको उत्खनन् कार्य गर्ने अनुमति लिन चाहने व्यक्ति वा संगठित संस्थासँग गाउँ कार्यपालिकाले चाहेमा त्यस्तो खोजतलास कार्यमा लागेको प्रत्यक्ष खर्च बराबरको रकम वा शेयर लिन सक्नेछ।

(६) यस नियम बमोजिम खनिज कार्य गर्ने अनुमति दिंदा गाउँपालिकाले खनिज कार्यको क्षेत्र अवधि र त्यस्तो खनिज कार्यमा गाउँ कार्यपालिका हिस्सेदार बन्ने भएमा तत्सम्बन्धी कुराहरू समेत उल्लेख गर्नुपर्ने छ।

**६. खनिज कार्य आफैं गर्न सक्ने :** (१) नियम ५ मा जुनसुकै कुरा लेखिएको भए पनि गाउँपालिकाले चाहेमा गाउँपालिकाको जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१ को दफा ३ (१) अनुसार गाउँपालिकामा हुनेछ।

(२) गाउँपालिका आफैंले खनिज कार्य गर्न चाहेमा ऐन र गाउँ कार्यपालिकाको निर्णय बमोजिम खनिज पदार्थ विकास समिति गठन गरी सोही अन्तर्गत गर्नुपर्ने छ।

(३) खनिज पदार्थ विकास समिति देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका अध्यक्ष : संरक्षक

(ख) गाउँपालिको वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक : संयोजक

(ग) गाउँपालिकाको पूर्वाधार विकास समिति सदस्य मध्येबाट एक जना : सदस्य

(घ) गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका सदस्य मध्ये एक : सदस्य

(ङ) गाउँपालिकाको प्रशासन शाखा प्रमुख : सदस्य

(च) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख : सदस्य

(छ) नगर प्रहरी प्रमुख : सदस्य

(ज) गाउँपालिकाभित्र वन, वातावरण र विपद्को क्षेत्रमा कार्यरत संघसंस्थामध्ये गाउँपालिकाबाट मनोनित एक जना : सदस्य

(झ) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख : सदस्य सचिव

**७. समितिको काम, कर्तव्य र अधिकार :** खनिज पदार्थ विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(१). मुख्य कार्यहरु :** खनिज पदार्थ विकास समितिको मुख्य कार्य देहाय बमोजिम हुनेछ :

**(क) नदीजन्य खनिज पदार्थको व्यवस्थित प्रयोग र उपयोग**

(अ) गाउँपालिकाको नीति अनुरूप नदीजन्य पदार्थ (बालुवा, गिट्टी, ढुंगा) को उत्खनन, संकलन, तथा विक्रीको नीति तथा कार्ययोजना तयार गर्ने ।

(आ) वातावरणीय प्रभाव मुल्यांकन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराई खनिज उत्खनन् प्रक्रिया अगाडि बढाउने ।

(इ) खनिज स्रोतहरूको दिगो व्यवस्थापन सुनिश्चित गर्न वैज्ञानिक अध्ययन र अनुसन्धानलाई प्रवर्द्धन गर्ने ।

**(ख) पर्यावरण संरक्षण र प्राकृतिक स्रोत व्यवस्थापन**

(अ) नदीजन्य खनिज पदार्थको उत्खनन् गर्दा वातावरणीय सन्तुलन कायम राख्न आवश्यक उपायहरू अवलम्बन गर्ने ।

(आ) अवैध उत्खनन, दोहन तथा वातावरणीय क्षति रोक्न अनुगमन प्रणाली प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

(इ) वातावरण संरक्षण ऐन, २०७६ अनुसार खनिज उत्खनन्मा जैविक विविधता र जल स्रोतको सुरक्षा प्राथमिकतामा राख्ने ।

**(ग) स्थानीय सरकार र संघीय कानुन पालना**

(अ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरूप गाउँपालिकाको अधिकार भित्र रहि खनिज पदार्थ उत्खनन् नीति तथा नियमहरु तयार पार्ने ।

(आ) स्थानीय, प्रदेश र संघीय सरकारसँग समन्वय गरी कानुनी आवश्यकताहरू पालना गर्ने ।

(इ) नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय गर्दै खनिज उत्खनन् अनुमतिहरू प्राप्त गर्ने ।

**(घ) राजस्व संकलन तथा आर्थिक व्यवस्थापन**

(अ) खनिज उत्खनन् तथा विक्रीवाट प्राप्त हुने राजस्व संकलन, व्यवस्थापन तथा पारदर्शी रूपमा प्रयोग गर्ने ।

(आ) स्थानीय विकास कोषमा खनिज पदार्थबाट उठ्ने आम्दानी विनियोजन गर्ने नीति तयार पार्ने ।

(इ) आर्थिक अनियमितता न्यूनीकरण गर्न अनुगमन तथा लेखापरीक्षण प्रणाली लागू गर्ने ।

**(ङ) समुदाय सहभागिता र सामाजिक उत्तरदायित्व**

(अ) खनिज उत्खनन्बाट प्रभावित समुदायहरूलाई परामर्श दिने र उनीहरूको सिफारिसका आधारमा आवश्यक कदम चाल्ने ।

(आ) खनिज उत्खनन्को प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्ने स्थानहरूमा पूर्वाधार तथा वातावरण संरक्षणका कार्यहरू अघि बढाउने ।

(इ) उत्खनन्बाट प्रभावित स्थानीय समुदायलाई रोजगारी सिर्जना गर्ने तथा पुनर्स्थापना योजनाहरू कार्यान्वयन गर्ने ।

**(२) प्रमुख अधिकारहरू :** खनिज पदार्थ विकास समितिको मुख्य अधिकारहरु देहाय बमोजिम हुनेछन् :

**(क) खनिज पदार्थ उत्खनन् तथा व्यवस्थापन नीतिहरू निर्धारण गर्ने अधिकार**

(अ) गाउँपालिकाको कार्यक्षेत्र भित्र खनिज पदार्थ उत्खनन सम्बन्धी मापदण्ड, नियमावली, तथा कार्यविधि निर्माण गर्ने ।

(आ) उत्खनन अनुमति दिने, नवीकरण गर्ने तथा आवश्यक परेमा खारेज गर्ने अधिकार प्रयोग गर्ने ।

**(ख) खनिज पदार्थको अनुगमन तथा नियमन गर्ने अधिकार**

(अ) खनिज उत्खनन् तथा ढुवानीमा अनियमितता भएमा तत्काल सुधारका उपायहरू लागू गर्ने ।

(आ) अवैध उत्खनन्, ओसारपसार तथा चोरी नियन्त्रण गर्न आवश्यक कानुनी कारबाही गर्ने ।

(इ) सम्बन्धित सरकारी निकायहरूसँग समन्वय गरी वातावरणीय मापदण्डहरू लागू गराउने ।

**(ग) आर्थिक स्रोत परिचालन गर्ने अधिकार**

(अ) खनिज उत्खनन्बाट संकलित राजस्व गाउँपालिकाको नीति र निर्णय अनुसार विभिन्न पूर्वाधार तथा वातावरण संरक्षणका कामहरूमा परिचालन गर्ने ।

(आ) संकलित राजस्व पारदर्शी रूपमा प्रयोग गर्न आवश्यक प्रक्रिया अपनाउने ।

**(घ) संस्थागत समन्वय तथा ऐन कार्यान्वयन गर्ने अधिकार**

(अ) गाउँपालिका, प्रदेश सरकार, संघीय सरकार तथा अन्य सरोकारवालासँग समन्वय गरी खनिज उत्खननको नीति तथा नियमहरू कार्यान्वयन गर्ने ।

(आ) आवश्यक परेमा खनिज सम्बन्धी नियम उल्लङ्घन गर्ने निकाय वा व्यक्तिहरूलाई कानुनी कारबाहीका लागि सिफारिस गर्ने ।

**(३) प्रमुख दायित्वहरू :** खनिज पदार्थ विकास समितिको मुख्य दायित्वहरु देहाय बमोजिम हुनेछन् :

(क) खनिज उत्खननको पर्यावरणीय प्रभाव न्यूनीकरण गर्न आवश्यक उपाय अवलम्बन गर्ने

(ख) स्थानीय बासिन्दाहरूको हितलाई ध्यानमा राखी सामाजिक उत्तरदायित्व वहन गर्ने

(ग) खनिज उत्खनन् सम्बन्धी सम्पूर्ण प्रक्रिया पारदर्शी बनाउने ।

(घ) खनिज पदार्थ उपयोग गर्दा वैज्ञानिक दृष्टिकोण अपनाउने ।

(ङ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरूप गाउँपालिकाको अधिकारभित्र रहि खनिज पदार्थ व्यवस्थापन सुनिश्चित गर्ने ।

(च) खनिज पदार्थ प्रयोगबाट प्राप्त हुने आम्दानीलाई दीर्घकालीन विकासका क्षेत्रमा लगानी गर्न गाउँ कार्यपालिकासँग आवश्यक समन्वय गर्ने ।

**८. उत्खनन् कार्य गर्ने अधिकार :** (१) कुनै क्षेत्रमा कुनै खनिज पदार्थको खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थालाई सो क्षेत्रमा सोही खनिज पदार्थको उत्खनन् कार्य गर्न अनुमति पाउने अधिकार हुनेछ ।

(२) खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिले खोजतलास कार्य गर्दा अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा त्यसको जानकारी बढीमा तीस दिन भित्र गाउँपालिकामा दिनुपर्ने छ र निजलाई त्यस्तो खनिज पदार्थको खनिज कार्य गर्न प्राथमिकता दिइने छ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए पनि गाउँपालिकाले नै एकल रुपमा, सार्वजनिक निजी साझेदारीमा, कम्पनी ढाँचामा वा सर्वसाधारणमा शेयर खुला गरी संरक्षण, व्यवस्थापन, उत्खनन्, प्रशोधन र बिक्री वितरण गरिरहेको अवस्थामा खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थालाई सो क्षेत्रमा सोही खनिज पदार्थको उत्खनन्, प्रशोधन र बिक्री वितरण गर्न दिन गाउँपालिका वाध्य हुने छैन ।

(४) यसरी उत्खनन् कार्य गर्ने अधिकार प्रदान गर्दा गाउँपालिकाले खनिज पदार्थ विकास समितिको सिफारिसमा मात्र गर्नेछ ।

## परिच्छेद-३
## तथ्याङ्क व्यवस्थापन

**९. तथ्याङ्क संकलन तथा व्यवस्थापन कार्य :** (१) गाउँपालिकाभित्र रहेका जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थका तथ्याङ्क संकलनका लागि प्राविधिक विज्ञसहितको समिति गठन गरिनेछ ।

(२) तथ्याङ्क संकलनका लागि स्थानीय समुदाय, सरोकारवालाहरु तथा प्राविधिक स्रोतहरूसँग समन्वय गरिनेछ ।

३. संकलन गरिएका तथ्याङ्क आवश्यक प्रमाण र तथ्यगत आधारमा वर्गीकरण गरिनेछ ।

**१०.** तथ्याङ्क **प्रशोधन र विश्लेषण कार्य** : (१) संकलित तथ्याङ्कलाई प्रशोधन र विश्लेषण गरी आवधिक रुपमा प्रतिवेदनको रुपमा तयार गरी सम्बन्धित निकायमा अद्यावधिक गरिनेछ ।

(२).तथ्याङ्क विश्लेषणमा वैज्ञानिक पद्धति अपनाई, स्थानीय वातावरणमा पर्ने प्रभावको मूल्यांकन गरिनेछ ।

**११. तथ्याङ्क व्यवस्थापन र अद्यावधिक** : (१) संकलित तथा प्रशोधित तथ्याङ्क सुरक्षित डिजिटल र भौतिक माध्यममा व्यवस्थित गरिनेछ ।

(२) तथ्याङ्कलाई अर्धवार्षिक रुपमा अद्यावधिक गरिनेछ ।

३. तथ्याङ्क व्यवस्थापनको जिम्मेवारी सम्बन्धित शाखा वा तोकिएको अधिकारीलाई प्रदान गरिनेछ ।

**१२. तथ्याङ्क एवम् अभिलेख व्यवस्थापन समिति :** (१) तथ्याङ्क व्यवस्थापनको समन्वय, अनुगमन र मूल्यांकनका लागि देहाय बमोजिमको तथ्याङ्क विश्लेषण एवम् व्यवस्थापन समिति गठन गरिने छ, जसमा विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण समेत गर्न सकिने छ :

संयोजक : प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी

सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य : पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

सदस्य : सूचना प्रविधि तथा तथ्यांक व्यवस्थापन उपशाखा

सदस्य सचिव : यन्त्र उपकरण व्यवस्थापन शाखा

(२) समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकामा आवश्यक तथ्याङ्क संकलनका लागि वार्षिक कार्ययोजना तयार गर्ने ।

(ख) तथ्याङ्क संकलन, प्रशोधन, अद्यावधिक र व्यवस्थापन प्रक्रियामा आवश्यक प्राविधिक मार्गदर्शन प्रदान गर्ने ।

(ग) तथ्याङ्क संकलनका लागि आवश्यक उपकरण, स्रोत र साधनको व्यवस्थापनको सिफारिस गर्ने ।

(घ) तथ्याङ्क संकलन र विश्लेषणका लागि आवश्यक मानव संसाधनका लागि तालिम, क्षमता विकास र अभिमुखीकरण कार्यक्रमको योजना बनाउने ।

(ङ) तथ्याङ्क संकलन, प्रशोधन र अद्यावधिकका क्रममा देखापर्ने समस्याहरूको समाधानका लागि सुझाव र सिफारिस दिने ।

(च) तथ्याङ्कको सुरक्षित भण्डारण, गोपनीयता तथा पहुँचको व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गर्न पहल गर्ने ।

(छ) अद्यावधिक तथ्याङ्कको आधारमा स्थानीय विकासका लागि आवश्यक सुझाव प्रदान गर्ने ।

(ज) तथ्याङ्कको प्रयोग, विश्लेषण र प्रतिवेदन तयार पार्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।

(झ) तथ्याङ्कको दुरुपयोग तथा अनधिकृत पहुँच रोक्न आवश्यक निगरानी र अनुगमन गर्ने ।

(ञ) तथ्याङ्क व्यवस्थापन प्रक्रियाको प्रभावकारिता मूल्याङ्कन गरी आवश्यक सिफारिस तयार गर्ने ।

बागमती गाउँपालिका, मकवानपुर

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय गरी तथ्याङ्क व्यवस्थापनमा नवीन प्रविधि र विधिहरूको प्रयोग प्रवर्द्धन गर्ने ।

(३) समितिको बैठक तथा अन्य कार्यहरु कार्यविधि बमोजिम हुनेछ ।

१३. **तथ्याङ्कको प्रयोग, पहुँच र गोपनीयता** : बागमती गाउँपालिकामा खानी, खनिज तथा वन्यजन्तु सम्बन्धी तथ्याङ्कको प्रयोग, पहुँच र गोपनीयता तपसिल बमोजिम हुनेछ :

(क) तथ्याङ्कको प्रयोग गर्दा सम्बन्धित कानुनी प्रावधान र गाउँपालिकाको नीति पालना गरिनेछ ।

(ख) उद्योग व्यवसाय सञ्चालनका लागि तथ्याङ्क आवश्यक परेमा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(ग) स्थानीय विकास, वातावरणीय संरक्षण र अन्य समाजोपयोगी प्रयोजनका लागि तथ्याङ्क उपलब्ध गराइनेछ ।

(घ) तथ्याङ्कको गोपनीयता संरक्षणका लागि गोपनीयता नीति निर्माण गरिनेछ ।

(ङ) तथ्याङ्क पहुँचका लागि प्राधिकृत व्यक्ति/निकायलाई मात्र अनुमति प्रदान गरिनेछ ।

(च) डिजिटल तथ्याङ्कलाई साइबर सुरक्षा मापदण्ड अपनाई सुरक्षित राखिनेछ ।

## परिच्छेद-४
## वातावरणीय अध्ययन प्रतिवेदन र उद्योग सञ्चालन

१४. **वातावरणीय अध्ययन प्रतिवेदनः** (१) गाउँपालिकामा परिच्छेद २ अनुसारका विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा उद्योगहरु सञ्चालन गर्नका लागि अनिवार्य रुपमा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) उपनियम (१) अनुसार तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन गाउँपालिकाको वन, वातावरण तथा विपद व्यवस्थापन शाखासमक्ष प्रस्तुत गर्नुपर्नेछ । शाखाले आफ्नो अभिलेख किताबमा उल्लेख गरी सम्बन्धित व्यक्ति वा संस्थालाई प्रतिवेदन बुझेको भरपाई अनुसूची १ को ढाँचामा गरीदिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदन उपर शाखाको कुनै टिप्पणी भएमा उक्त टिप्पणी गरी बढीमा पन्ध्र दिनभित्र स्वीकृति वा अस्वीकृतिको निर्णय गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम स्वीकृत भएमा प्रतिवेदन सहित र अस्वीकृत भएमा सम्बन्धित शाखाले गाउँ कार्यपालिकालाई सात दिनभित्र सोको जानकारी गराउनुपर्नेछ । गाउँ कार्यपालिकाले जानकारी

प्राप्त भएको पन्ध्र दिनभित्र खनिज कार्य गर्ने अनुमति प्रदान गर्ने वा कैफियत जनाई प्रतिवेदन पेश गर्नेलाई जानकारी गराउनुपर्ने छ।

(५) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ।

(७) उपनियम (२) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यमकालीन एवं दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने विधि तथा प्रक्रिया उल्लेख गर्नुपर्नेछ।

(८) गाउँपालिकाले उद्योग सञ्चालनका लागि लिखित अनुमति दिएपछि मात्र उद्योग सञ्चालन गर्न सकिनेछ।

**१५. उद्योग सञ्चालनका क्षेत्र तथा प्रकारहरु :** गाउँपालिका क्षेत्रमा यस नियमावली बमोजिम स्थापना तथा सञ्चालन हुन सक्ने उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :

**(क) वन पैदावरमा आधारित उद्योग** :

(१) स मिल तथा फर्निचर उद्योग,

(२) पार्टिकल बोर्ड, कम्पोजिट उड, प्लाई उड, पार्केट, भेनियर र सलाइ उद्योग,

(३) कत्था उद्योग,

(४) रेजिन एण्ड टर्पेन्टाइन उद्योग,

(५) जडिबुटी प्रशोधन,

(६) नेपाली कागज, अल्लोको कपडा, बेत बाँसका सामग्री, दुना टपरी उद्योग,

(७) वन पैदावरमा आधारित हस्तकला उद्योग,

(८) नर्सरी स्थापना, जडिबुटी खेती।

**(ख) पर्यटनमा आधारित उद्योग** :

(१) जंगल सफारी, जंगल ड्राइभ,

(२) टेन्टेड क्याम्प,



बागमती गाउँपालिका, मकवानपुर

(३) अन्य साहसिक पर्यटकीय क्रियाकलाप ।

**(ग) जलश्रोतमा आधारित उद्योग** :

(१) भूमिगत एवम् सतही पानीमा आधारित मिनरल वाटर उत्पादन,

(२) विभिन्न प्रयोगका लागि पानी ढुवानी,

(३) माछापालन, बग्दो पानी र पानीको छेउछाउमा हुने खेती,

(४) बगर खेती ।

**(घ) नदीजन्य पदार्थमा आधारित उद्योग** :

(१) ढुंगा, गिट्टी, ग्राभेल, माटो बालुवा खन्ने, झिक्ने वा चाल्ने उद्योग,

(२) क्रसर उद्योग,

(३) इटाभट्टा उद्योग,

(४) माटोमा आधारित उद्योगहरु ।

**१६. उद्योग स्थापना तथा व्यवस्थापनः** (१) बागमती गाउँपालिका मकवानपुरको जलाधार, बन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१ को दफा ८ बामोजिम गाउँपालिका आफैँले पूर्ण स्वामित्व वा निजी तथा सार्वजनिक निकायहरुसँगको साझेदारी एवं सहकार्यमा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी नियम १५ मा उल्लिखित उद्योगहरु स्थापना गर्न सक्नेछ । यसका साथै निजी तथा सार्वजनिक क्षेत्रले उद्योग स्थापना गर्नका लागि निवेदन दिएमा ऐनको दफा ९ बमोजिम गठन भएको अनुगमन समितिले सम्भाव्यता अध्ययन गरी उद्योग स्थापना गर्नका लागि प्रतिवेदन कार्यपालिका समक्ष प्रस्तुत गर्नेछ । कार्यपालिकाले उक्त प्रतिवेदनको अध्ययन गरी इजाजतपत्र प्रदान गर्न सक्नेछ ।

(२) सम्भाव्यता अध्ययनः जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग बारेमा सम्बन्धित क्षेत्रका विज्ञहरू समावेश भएको टोलीबाट सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

(३) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थबाट गाउँपालिकाले गरेको आम्दानीबाट कम्तीमा ५ प्रतिशत रकम विनियोजन गरी सोलाई सतप्रतिशत मानी देहायका क्षेत्रमा लगानी गर्नुपर्नेछ :

(क) सम्बन्धित क्षेत्रको संरक्षणमा : ४०

(ख) सम्बन्धित क्षेत्रको दिगो उपयोगमा : २०

(ग) सम्बन्धित क्षेत्रको प्रवर्द्धनमा : ४०

**१७. अनुगमन तथा निरीक्षणः** नियम १५ मा उल्लेख गरिएको व्यवस्थाको लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको अनुगमन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष, | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी | सदस्य |
| वन, बातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | सदस्य |
| राजश्व प्रशासन उपशाखा प्रमुख | सदस्य |
| गाउँ कार्यपालिकाले तोकेको वातावरण (विज्ञ) | सदस्य |
| नदीजन्य पदार्थ सम्बन्धी कार्य गर्न तोकिएका फोकल पर्सन | सदस्य |
| रोजगार उपशाखाको प्रमुख | सदस्य सचिव |

**१८. अनुगमन तथा निरीक्षण समितिको जिम्मेवारीः** गाउँपालिका स्तरीय खानी, खनिज पदार्थ तथा वन्यजन्तु अनुगमन तथा निरीक्षण समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका भित्र संचालनमा रहेका खानी तथा खनिज उत्खनन् क्रियाकलापहरूको नियमन, अनुगमन तथा कानुनी मापदण्ड अनुरूप संचालन भए/नभएको अनुगमन गर्ने ।

(ख) स्थानीय वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्न आवश्यक नीति तथा योजनाहरू कार्यान्वयनमा ल्याउने तथा अवैध सिकार र वन्यजन्तु तस्करी नियन्त्रण गर्ने ।

(ग) गाउँपालिका क्षेत्रमा संचालन गरिने खानी, खनिज उत्खनन्, र अन्य निर्माण कार्यहरूले वातावरणमा पार्ने प्रभावको मूल्यांकन गरी आवश्यक सुझाव दिने ।

(घ) खानी, खनिज तथा वातावरण संरक्षणका सम्बन्धमा स्थानीय समुदायलाई सहभागी गराउने, जनचेतना अभिवृद्धि गर्ने तथा दीगो विकासका उपायहरू अवलम्बन गर्न प्रेरित गर्ने ।

(ङ) गाउँपालिकाको प्राकृतिक स्रोतहरूको दिगो उपयोग र न्यूनतम क्षतिको सिद्धान्त अपनाउँदै विकास निर्माण कार्यहरू सञ्चालन गर्न सिफारिस प्रदान गर्ने ।

(च) खानी, खनिज तथा वातावरण सम्बन्धी राष्ट्रिय नीति, ऐन, कानुन तथा स्थानीय नियमहरूको पालना भएको सुनिश्चित गर्न अनुगमन गर्ने

(छ) खानी उत्खनन् तथा अन्य विकास गतिविधिहरूले स्थानीय वातावरणमा पारेको प्रभाव न्यूनीकरणका लागि पुनर्स्थापना तथा सुधार कार्यक्रमहरू प्रस्ताव गर्ने ।

**१९. अनुमतिपत्रको नवीकरणः** अनुमति प्राप्त व्यक्ति/संस्थाले प्रत्येक वर्ष खनिज कार्य गर्ने अनुमतिपत्र तोकिएको दस्तुर तिरी तोकिएको समयमा नवीकरण गराउनुपर्ने छ। अनुमतिपत्र नवीकरणको निवेदन ढाँचा अनुसूची ४ मा दिइएको छ ।

२०. **खोजतलास अवधिः** (१) खोजतलास अवधि खोजतलास कार्यको प्रकृति अनुसार एक पटकमा बढीमा एक पटकका लागि दिइनेछ।

(२) गाउँपालिकाले आवश्यक ठानेमा वार्षिक रुपमा नवीकरण गर्न सक्नेछ।

२१. **उत्खनन् अवधिः** (१) उत्खनन् अवधि खनिज पदार्थको प्रकृति, परिमाण र उत्खनन् कार्यको लागि चाहिने प्रविधि, पुँजी, मौसम र लगानीको प्रक्षेपित प्रतिफलको आधारमा तोकिए बमोजिम हुनेछ।

(२) बालुवा, गिटी र ढुंगाजस्ता नदीजन्य पदार्थको उत्खननको अनुमति वार्षिक रुपमा सम्पूर्ण कर चुक्ता गरी गाउँपालिकाबाट नवीकरण गर्नुपर्नेछ।

(३) तोकिए भन्दा बढी उत्खनन् गरेमा, तोकिएको क्षेत्रभन्दा अन्य क्षेत्रमा उत्खनन् गरेमा र उत्खनन् वापत बुझाउनुपर्ने रोयल्टी र अन्य दस्तुरहरु समयमा नै नबुझाएमा गाउँपालिकाले उत्खनन् कार्यलाई तत्कालै रोक लगाउन सक्नेछ।

२२. **खनिज कार्यको सञ्चालन :** (१) अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले खनिज कार्यको सञ्चालन खनिज कार्य गर्ने अनुमति प्राप्त गरेको मितिले प्रारम्भमा एक वर्षको हुनेछ। गाउँपालिकाले आवश्यक ठानेमा प्रत्येक वर्ष नवीकरण गर्न सक्नेछ।

(२) अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्दा अपनाउनुपर्ने कार्यविधि र प्रक्रिया तथा पालन गर्नुपर्ने शर्तहरू कार्यविधि बमोजिम हुनेछ।

२३. **खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुनेः** (१) खनिज कार्य गर्ने व्यक्ति वा संगिठत संस्थाले खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ। साथै, त्यस्तो खनिज कार्य गर्ने व्यक्तिले वातावरण संरक्षणका सम्बन्धमा तोकिए बमोजिमका बचाउका उपायहरू अवलम्वन गर्नुपर्ने छ।

(२) खनिज कार्य गर्ने व्यक्तिले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन गाउँपालिकाले सम्बन्धित व्यक्तिलाई आवश्यक निर्देशन दिनेछ।

(३) नियम (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा संगठित संस्थाको कर्तव्य हुनेछ।

(४) खनिज कार्य गर्दा वातावरणीय संरक्षणका दृष्टिले खनिज कार्य गर्ने व्यक्ति वा संगठित संस्थाको जिम्मेवारी देहाय बमोजिम हुनेछ :

(क) खानी उत्खनन् गर्दा न्यूनतम पर्यावरणीय असर पार्ने उपायहरू अपनाउने।

बागमती गाउँपालिका, मकवानपुर

(ख) धुलो, धुँवा र आवाज प्रदूषण न्यूनीकरण गर्न प्रविधिहरू प्रयोग गर्ने ।

(ग) खानी उत्खनन् क्षेत्रभित्र रहेको वनस्पति तथा वन्यजन्तु संरक्षण गर्न आवश्यक कदम चाल्ने ।

(घ) खानी कार्य क्षेत्र नजिकका प्राकृतिक स्रोतहरू (नदी, पोखरी, जंगल) मा असर नपर्ने व्यवस्था गर्ने ।

(ङ) उत्खनन् कार्यपछि जमिनको उपयुक्त पुनः प्रयोग सुनिश्चित गर्ने ।

(च) आवश्यक परेमा खानी कार्य क्षेत्रलाई पुनः हराभरा बनाउन वृक्षारोपण गर्ने ।

(छ) उत्खननका कारण पानीको स्रोतमा असर नगर्ने र प्रदूषण न्यूनीकरणका उपायहरू अपनाउने ।

(ज) खानी क्षेत्रको पानी व्यवस्थापन उचित रूपमा गर्ने ।

(झ) उत्खनन् कार्यबाट उत्पन्न हुने फोहर तथा विषाक्त पदार्थहरूको सुरक्षित व्यवस्थापन गर्ने ।

(ञ) स्थानीय समुदायलाई खानी कार्यको असरबारे जानकारी गराउने ।

(ट) खानी क्षेत्रबाट प्रभावित समुदायको पुनर्वास र क्षतिपूर्ति व्यवस्थापनमा ध्यान दिने ।

(ठ) वातावरणीय प्रभाव मूल्यांकन (EIA) तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नुपर्ने कानुनी प्रावधानहरू पालना गर्ने ।

(ड) सरकारद्वारा तोकिएका वातावरणीय तथा खानीसम्बन्धी नीति तथा नियमहरूको पालना गर्ने ।

(ढ) दीर्घकालीन रुपमा वातावरणमैत्री खानी उत्खनन् रणनीति अवलम्बन गर्ने ।

## परिच्छेद-५
## समन्वय सहकार्य

**२४. करार गर्न सक्नेः** (१) बागमती गाउँपालिकाले कुनै संगठित संस्था वा व्यक्तिसँग प्रचलित कानुनको अधीनमा रहि करार गरेर सोही करारमा उल्लिखित शर्तहरु वमोजिम जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ ।

(२) करार सम्बन्धी प्रावधान देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाले खानी तथा खनिज कार्यका लागि करार प्रक्रियामा खुला प्रतिस्पर्धा (बोलपत्र आह्वान) वा अन्य उपयुक्त विधि अपनाई करार प्रक्रिया अघि बढाउने छ ।

(ख) करार लिन इच्छुक संगठित संस्था वा व्यक्तिले आवश्यक योग्यता, अनुभव तथा वित्तीय क्षमता प्रमाणित गर्ने कागजात पेस गर्नुपर्नेछ ।

(ग) करार स्वीकृत गर्ने वा खारेज गर्ने अधिकार गाउँपालिकाको खानी तथा खनिज सम्बन्धी समितिमा रहनेछ ।

(घ) करार सम्झौता गर्नु अघि वातावरणीय प्रभाव मूल्यांकन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरिनेछ, जसबाट उक्त खानी उत्खनन् कार्यले वातावरणमा पार्न सक्ने असरहरूको विस्तृत अध्ययन हुनेछ ।

**२५. दातृ संघ, संस्था, निकायले काम गर्न सक्ने :** (१) विभिन्न सरकारी तथा गैर सरकारी दातृ संघ संस्था एवम् सम्बन्धित निकायले गाउँपालिका सँगको साझेदारीमा वा गाउँपालिकाको स्वीकृतिमा उपभोक्ता संस्था वा सेवा प्रदायक निकायसँगको साझेदारीमा जलस्रोत खनिज तथा नदिजन्य पदार्थ उपयोगको लागि आवश्यक अध्ययन अनुसन्धान तथा आयोजना निर्माण सञ्चालन गरी समुदायलाई सेवा पुऱ्याउन सक्नेछन ।

(२) गाउँपालिकाको क्षेत्रमा कार्य गर्न चाहने दातृ संघ, संस्था वा निकायले पहिलो चरणमा आफ्नो प्रस्तावित कार्ययोजना, उद्देश्य, कार्यक्षेत्र, तथा वित्तीय स्रोतसहितको विस्तृत प्रस्ताव पेश गर्नु पर्नेछ । उक्त प्रस्तावलाई गाउँपालिकाको सम्बन्धित शाखाले अध्ययन गरी आवश्यक परामर्श तथा मूल्यांकन पछि स्वीकृति वा अस्वीकृत गर्ने निर्णय लिनेछ । स्वीकृति प्राप्त भए पश्चात् दातृ संघ, संस्था वा निकायले उपभोक्ता संस्था वा सेवा प्रदायक निकायसँगको साझेदारीमा कार्य सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने कुनै पनि आयोजना वा सेवा स्थानीय समुदायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभ पुऱ्याउने गरी डिजाइन गरिनु पर्नेछ। आयोजना निर्माण तथा सञ्चालनका क्रममा स्थानीय जनशक्ति, सामग्री तथा सेवा प्रयोग गर्न प्राथमिकता दिइनु पर्नेछ। आयोजनाबाट उत्पन्न हुने प्रतिफल वा लाभको निश्चित प्रतिशत स्थानीय विकास तथा वातावरण संरक्षणमा पुनः लगानी गर्नुपर्ने छ ।

(४) वैदेशिक सहयोगद्वारा अध्ययन अनुसन्धान तथा आयोजना निर्माण सञ्चालनमा सहयोग गर्ने, गराउने दातृ संघ, संस्था निकायले समाज कल्याण परिषद्मार्फत आफ्नो बजेट स्वीकृत गराएको हुनुपर्नेछ ।

(५) कुनै गैरसरकारी संस्था वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले गाउँपालिकासँगको समन्वयमा वा अन्य गैरसरकारी संस्था सँगको समन्वयमा गाउँपालिका क्षेत्रभित्र कार्य गर्न चाहेमा सो कार्यक्रम गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र बजेटमा समावेश गरी स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद-६
## सजाय तथा दण्ड जरिवाना

**२६. सजाय तथा दण्ड जरिवाना सम्बन्धमाः** (१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१ र नियमावली, २०८१ को व्यवस्था विपरित कार्य गरेमा सो कार्यमा संलग्न पदाधिकारी कर्मचारीलाई प्रचलित कानून अनुसारको कारवाही हुनेछ।

(२) अनुमति लिने गरी झुठ्ठा विवरण पेश गर्ने, तोकिएको मापदण्ड तथा अनुमति विपरित कार्य गर्ने व्यक्ति तथा समूहमा संलग्न सबैलाई प्रचलित ऐन अनुसारको दण्ड जरिवाना सहित कानूनले तोकेको सजाय हुने गरी गाउँपालिकाले सिफारिस गर्ने तथा सम्बन्धित निकायबाट कारवाही हुनेछ।

(३) खानी तथा खनिज सम्बन्धी कार्यमा संलग्न व्यक्ति वा समूहले तोकिएको मापदण्ड तथा स्वीकृति विपरीत काम गरेमा अनुगमन समितिले प्रचलित कानुन अनुसार कारवाही गर्न सिफारिस गर्नेछ।

(४) वातावरणीय प्रभाव मूल्यांकन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अनुसार तय गरिएका मापदण्ड उल्लंघन गरेमा गाउँपालिकाको आर्थिक ऐन अनुसार जरिवाना गर्नुका साथै कार्य स्थगित गरिनेछ।

(५) गाउँपालिकाले खानी तथा खनिज कार्यमा देखिएका अनियमितताहरूको मूल्यांकन गरी, प्रचलित कानुन अनुसार सम्बन्धित निकायमा कारवाहीका लागि सिफारिस गर्नेछ। कानुन उल्लंघनका गम्भीर घटनाहरूमा प्रदेश वा संघीय सरकारका निकायमा सिफारिस गरी कानुनी कारवाही अगाडि बढाउनेछ ।

## परिच्छेद-७
## विशेष व्यवस्था

**२७. विशेष व्यवस्थाः** (१) गाउँपालिकाले राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषित गर्न वा कुनै क्षेत्रको सम्बन्धमा विशेष शर्तहरू तोकी खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ।

(२) गाउँपालिकाले खनिज कार्य गर्ने अनुमति दिइसकेको क्षेत्रमा अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाको खनिज कार्यमा कुनै वाधा अड्चन नपर्नेगरी खनिज कार्यको लागि अनुमति दिइसकेको खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको खनिज कार्य आफैँले गर्न वा अरू कुनै व्यक्ति वा संगठित संस्थालाई अनुमति प्रदान गरी गराउन सक्नेछ।

(३) गाउँ कार्यपालिकाले कुनै खास खनिज पदार्थको खनिज कार्य गाउँपालिकाले तोकेको अन्य कुनै सरकारी निकाय वा सरकारी स्वामित्व रहेको संगठित संस्थाले मात्र गर्न पाउनेगरी तोक्न सक्नेछ ।

(४) सर्वसाधारणले निजी प्रयोगको निम्ती उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्नेगरी गाउँपालिकाले निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, गिट्टी, ढुंगा र बालुवाजस्ता खनिज पदार्थका सम्बन्धमा छुट्टै व्यवस्था गर्न सक्नेछ ।

**२८. निषेधित क्षेत्र तोक्ने प्रक्रिया :** (१) गाउँपालिकाले राष्ट्रिय सुरक्षा, सार्वजनिक हित तथा ऐतिहासिक वा सांस्कृतिक महत्वका स्थानहरूलाई खनिज कार्यका लागि निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) कुनै क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गर्न आवश्यक अध्ययन, वातावरणीय प्रभाव मूल्यांकन (EIA), सरोकारवालासँग परामर्श तथा स्थानीय समुदायको सहभागितालाई प्राथमिकता दिइनेछ ।

(३) निषेधित क्षेत्र तोकिएपछि त्यहाँ कुनै पनि खनिज उत्खनन् खोज तथा अनुसन्धान, वा उत्पादन सम्बन्धी कार्यहरू गर्न पाइने छैन ।

(४) यस्तो क्षेत्र उल्लंघन गर्ने व्यक्ति वा संस्था माथि कानुनी कारबाही गरिनेछ ।

**२९. विशेष शर्तसहित खनिज कार्य गर्न दिने :** (१) वातावरणीय सुरक्षा तथा पुनःस्थापना योजना (Rehabilitation Plan) अनिवार्य रुपमा लागू गर्नुपर्ने छ ।

(२) स्थानीय समुदायका लागि रोजगार तथा आयस्रोत सिर्जना गर्ने कुरालाई प्राथमिकतामा राख्नुपर्ने छ ।

(३) खानी बन्द गरेपछि पुनः स्थापनाका लागि आवश्यक कोष (Reclamation Fund) स्थापना गर्ने दायित्व सम्बन्धित व्यक्ति वा संगठित संस्थाको हुनेछ ।

(४) खनिज उत्खनन्को सीमाहरुमा उत्खनन् गर्न सकिने क्षेत्र, परिमाण, समयावधि, आदि) पूर्वनिर्धारण गरे बमोजिम हुनेछ ।

**३०. पहिले अनुमति दिइएको खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थ उत्खनन्को अनुमति :** (१) कुनै व्यक्तिलाई निश्चित खनिज पदार्थ उत्खनन् गर्न अनुमति दिइएको अवस्थामा उक्त क्षेत्रमा अन्य खनिज पदार्थ पाइएमा सो खनिजको अधिकार स्वतः गाउँपालिकामा रहने छ ।

(२) गाउँपालिकाले अनुमति प्राप्त व्यक्ति वा संस्थाको कार्यमा वाधा नपुऱ्याउने गरी अन्य खनिज पदार्थ उत्खनन् गर्न अन्य व्यक्ति वा संस्थालाई अनुमति दिन सक्नेछ ।

(३) यदि नयाँ खनिज पदार्थ उत्खनन् गर्दा पहिले अनुमति लिएको संस्थालाई प्रत्यक्ष असर पर्ने भए, सरोकारवालासँग छलफल गरी उचित निर्णय गरिनेछ ।

**३१. आदेश दिन सक्नेः** (१) गाउँपालिकाले खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुन सक्ने क्षति, कसैको जीउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नोक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठानमा हानी नोक्सानी हुन नदिन र भूक्षय हुन नदिन आवश्यक आदेश दिन सक्नेछ ।

(२) खनिज पदार्थको भण्डारलाई क्षति हुन नदिन गाउँपालिकाले देहाय बमोजिम गर्नेछ :

(क) गाउँपालिकाले खनिज पदार्थको अनियन्त्रित उत्खनन्, प्रयोग वा संकलनका कारण भण्डारणमा पर्ने असर न्यूनीकरण गर्न आवश्यक निर्देशन वा आदेश दिन सक्नेछ ।

(ख) यदि कुनै कम्पनी वा व्यक्ति अनुमति प्राप्त क्षेत्रबाहिर उत्खनन् गरिरहेको पाइएमा गाउँपालिकाले तत्काल उत्खनन् रोक्न आदेश दिन सक्नेछ ।

(ग) खानी क्षेत्रमा वैज्ञानिक तथा व्यवस्थित उत्खनन् प्रविधि प्रयोग गर्न अनिवार्य गराइनेछ, जसमा भण्डारण क्षति रोक्ने उपायहरू समावेश गरिनु पर्नेछ ।

(घ) यदि कुनै खानी क्षेत्रमा भूगर्भीय अध्ययन अनुसार खनिज पदार्थको भण्डारलाई दीर्घकालीन असर पर्ने सम्भावना देखिएमा गाउँपालिकाले विशेष प्रतिबन्ध वा मार्गदर्शन जारी गर्न सक्नेछ ।

(३) गाउँपालिकाले खानी तथा खनिज उत्खनन् क्षेत्रमा देहाय बमोजिमका सुरक्षात्मक उपायहरू लागू गर्न आदेश दिन सक्नेछ :

(क) उत्खनन् क्षेत्रमा जनताको अवरोध तथा पहुँच नियन्त्रण गर्ने ।

(ख) खानी क्षेत्रमा कार्यरत मजदुर तथा सरोकारवालाका लागि सुरक्षाका मापदण्डहरू पालना गर्ने ।

(ग) उत्खननका क्रममा उत्पन्न हुने ध्वनि प्रदूषण, धुलो तथा कम्पन नियन्त्रण गर्न प्रविधि तथा मापदण्ड अपनाउन पर्ने ।

(४) कुनै खानी क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा वा अन्य खनिज पदार्थ निकाल्ने क्रममा वरपरका संरचनामा असर पर्ने सम्भावना भएमा गाउँपालिकाले क्षतिको मूल्याङ्कन गरी तत्काल उत्खनन् रोक्न आदेश दिन सक्नेछ ।

(५) उत्खनन् कार्यले स्थानीय बस्ती, विद्यालय, अस्पताल वा अन्य सार्वजनिक संरचनालाई असर गर्ने भएमा, गाउँपालिकाले खानी सञ्चालकलाई आवश्यक सुरक्षात्मक उपाय अपनाउन निर्देशन दिन सक्नेछ ।

(६) खानी क्षेत्रमा कार्यरत मजदुरहरूका लागि आवश्यक सुरक्षात्मक उपकरण अनिवार्य रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइनु पर्नेछ ।

(७) गाउँपालिकाले खानी कार्यका कारण उद्योग, कृषि, पर्यटन वा अन्य आर्थिक प्रतिष्ठानहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्ने अवस्थामा सो असर न्यूनीकरण गर्न आदेश दिन सक्नेछ ।

(३) खानी कार्यले कुनै उद्योग वा उत्पादनशील क्षेत्रलाई प्रतिकूल असर गरेमा सो उद्योगलाई क्षतिपूर्ति दिने वा आवश्यक नीतिगत निर्णय लिने आदेश दिइनेछ ।

**३२. खनिज पदार्थको निर्यातमा रोक लगाउन सक्नेः** (१) गाउँपालिकाले निम्न कारणहरूको आधारमा खनिज पदार्थ निर्यातमा रोक लगाउने वा नियन्त्रण गर्ने आदेश जारी गर्न सक्नेछ :

(क) आन्तरिक सुरक्षा तथा राष्ट्रिय सुरक्षामा असर पर्ने अवस्था,

(ख) खनिज पदार्थको आपूर्ति, भण्डारण तथा मूल्य सन्तुलन कायम गर्न,

(ग) स्थानीय तहमा रहेका उद्योग तथा उत्पादनशील क्षेत्रलाई कच्चा पदार्थको सुनिश्चित आपूर्ति गर्न,

(घ) खनिज पदार्थको अन्धाधुन्ध उत्खनन् तथा निकासीका कारण वातावरणीय असन्तुलन उत्पन्न हुन सक्ने अवस्था,

(ङ) खनिज पदार्थको अनियन्त्रित तस्करी तथा कालोबजारी नियन्त्रण गर्नुपर्ने अवस्था,

(२) खनिज पदार्थ निर्यातले दीर्घकालीन रूपमा गाउँपालिकाको भौगोलिक, पर्यावरणीय तथा आर्थिक सन्तुलनमा प्रतिकूल असर पार्ने देखिएमा गाउँपालिकाले खनिज पदार्थको निकासीमा स्थायी वा अस्थायी रोक लगाउने निर्णय गर्न सक्नेछ ।

(३) गाउँपालिकाले कुनै खनिज पदार्थलाई "निर्यातयोग्य सूची" र "निर्यात निषेध सूची" अन्तर्गत वर्गीकरण गर्न सक्नेछ ।

(४) खनिज पदार्थ निर्यात गर्न चाहने व्यक्ति वा संगठित संस्थाले गाउँपालिकाबाट देहायका कागजातहरु सँगै अनिवार्य रूपमा अनुमति लिनुपर्नेछ :

(क) खनिज पदार्थ उत्खननको कानुनी स्वीकृतिको प्रमाण,
(ख) निर्यात गरिने खनिज पदार्थको मात्राको विस्तृत विवरण,
(ग) निर्यात गर्न लागिएको स्थानको नाम तथा सम्बन्धित स्वीकृति,
(घ) वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन,
(ङ) गाउँपालिकाले तोकेको कर तथा शुल्क भुक्तानीको प्रमाणपत्र ।

**३३. सुरक्षा प्रवन्ध गर्न सक्नेः** (१) अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले खनिज कार्यको सिलसिलामा जिउज्यान तथा धनसम्पत्तिको सुरक्षाको लागि नेपाल सरकारले निर्णय गरे बमोजिम प्रचलित कानुनको अधीनमा रहि आवश्यक सुरक्षा प्रवन्ध गर्न र हातहतियार राख्न पाउने छ ।

(२) देहाय बमोजिमका कार्यका लागि सम्बन्धित व्यक्ति वा संगठित संस्थाले सुरक्षा व्यवस्था गर्नेछ :

(क) खनिज पदार्थ चोरी, तस्करी तथा अनधिकृत उत्खनन् रोक्न,
(ख) स्थानीय समुदाय वा श्रमिकहरूबीच हुने सम्भावित द्वन्द्व न्यूनीकरण गर्न,
(ग) खानी क्षेत्रमा दुर्घटना तथा आपराधिक क्रियाकलाप रोक्न,
(घ) महत्वपूर्ण खनिज पदार्थको अनधिकृत पहुँच तथा दुरुपयोग नियन्त्रण गर्न,
(ङ) खानी स्थलमा रहेका उपकरण, मेसिनरी, संरचना तथा भण्डारण गरिएको खनिज पदार्थको सुरक्षा गर्न ।

(३) अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले निम्न सुरक्षा प्रवन्ध अपनाउनु पर्नेछः

(क) खानी स्थलमा अनिवार्य रूपमा सुरक्षा गार्डहरूको व्यवस्था गर्ने,

(ख) आवश्यक परेमा, नेपाल सरकारले तोकेको सुरक्षाकर्मी वा निजी सुरक्षा निकायको सहायता लिने,

(ग) खानी क्षेत्रमा प्रवेश तथा निकास नियन्त्रण गर्न गोपनीयता तथा सुरक्षा उपायहरू अवलम्बन गर्ने,

(घ) खानी कार्य गर्ने स्थलमा सुरक्षा निगरानीका लागि आधुनिक प्रविधिहरू (जस्तैः CCTV क्यामेरा, जैविक पहिचान प्रणाली, डिजिटल प्रवेश प्रणाली) जडान गर्ने,

(ङ) सुरक्षा सम्बन्धी घटना वा शङ्कास्पद गतिविधिहरूको तत्काल रिपोर्टिङ गर्ने ।

(४) नेपाल सरकारले निर्णय गरे बमोजिम खनिज कार्यमा संलग्न व्यक्ति वा संस्थाले निम्न सर्तहरूमा हातहतियार राख्न सक्नेछन्:

(क) हातहतियार राख्न चाहने व्यक्ति वा संस्थाले नेपाल सरकारबाट तोकिएको अनुमति प्राप्त गर्नुपर्नेछ ।

(ख) हातहतियारको दुरुपयोग भएमा कानुनी कारबाही गरिनेछ ।

(ग) हातहतियार प्रयोग गर्ने सुरक्षाकर्मी वा कर्मचारीलाई आवश्यक तालिम अनिवार्य हुनेछ ।

बागमती गाउँपालिका, मकवानपुर

(घ) खानी क्षेत्रमा राखिएको हातहतियारको सूची तथा प्रयोग सम्बन्धी जानकारी प्रत्येक तीन महिनामा सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ।

(५) यदि कुनै व्यक्ति वा संस्थाले निम्न सुरक्षा सम्बन्धी उल्लङ्घन गरेमा, सम्बन्धित निकायले कानुनी कारबाही गर्न सक्नेछः

(क) नेपाल सरकार वा गाउँपालिकाबाट स्वीकृति नलिई सुरक्षाकर्मी परिचालन गरेमा,

(ख) खानी स्थलमा अनधिकृत व्यक्तिलाई प्रवेश गराएमा,

(ग) हातहतियारको अनधिकृत प्रयोग गरेमा,

(घ) सुरक्षासम्बन्धी प्रोटोकलहरू उल्लङ्घन गरेमा,

(६) सुरक्षा सम्बन्धी गम्भीर लापरवाही भएमा गाउँपालिकाले खनिज कार्यको अनुमति रद्द गर्न सक्नेछ।

**३४. सञ्चार उपकरण राख्न सक्ने:** अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले नेपाल सरकारले निर्णय गरे बमोजिम प्रचलित कानुनको अधीनमा रहि खनिज कार्यको लागि आवश्यक सञ्चार उपकरण राख्न सक्नेछ।

**३५. सुविधा तथा सहुलियतः** अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले खनिज कार्य गर्दा पाउने सुविधा तथा सहुलियत गाउँ कार्यपालिकाले तोके बमोजिम वा नियमावली बमोजिम हुनेछ।

**३६. रोयल्टी तथा अन्य दस्तुरः** अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले गाउँपालिकालाई खनिज पदार्थको प्रकार, गुणास्तर र परिमाणको आधारमा गाउँपालिकाले तोकेको दरमा रोयल्टी तथा अन्य दस्तुर बुझाउनुपर्ने छ। रोयल्टी तथा अन्य दस्तुर आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

**३७. स्थानीय विकास शुल्कः** (१) अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले रोयल्टीको आधारमा तोकिएको दरमा स्थानीय विकास शुल्क बुझाउनुपर्ने छ।

(२) शुल्कको दर गाउँपालिका वा सम्बन्धित निकायले खनिजको प्रकार उत्खनन्को परिमाण, वातावरणीय प्रभाव, र स्थान विशेषको आधारमा निर्धारण गरे बमोजिम हुनेछ।

(३) रोयल्टी संकलन प्रक्रियामा पारदर्शिता कायम गर्न राजस्व प्रशासन प्रणाली वा डिजिटल भुक्तानी प्रणाली अपनाइनेछ।

(४) शुल्क भुक्तानी नगर्ने वा ढिलाइ गर्ने संस्थाहरू माथि कानूनी कारबाही वा जरिवाना लगाइनेछ।

**३८. सूचना तथा प्रतिवेदनः** अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले तोकिए बमोजिमको सूचना तथा प्रतिवेदन तोकिएको ढाँचामा अर्धवार्षिक रुपमा गाउँपालिकामा पेश गर्नु पर्नेछ।

**३९. जग्गा प्राप्त गर्ने वा जग्गामा प्रवेश गर्नेः** (१) नियम २८ को उपनियम (१) बमोजिम निषेध गरिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा रहेका कुनै जग्गा खनिज कार्यको लागि अस्थायी वा स्थायी तवरले आवश्यक पर्ने भएमा गाउँपालिकाबाट अनुमति स्वीकृति लिई देहायका कुराको अधीनमा रहि उपयोग गर्न वा प्राप्त गर्न सकिने छ :

(क) त्यस्तो जग्गा नेपाल सरकारको वा सार्वजनिक भए अनुमति प्राप्त व्यक्तिले गाउँपालिकालाई तोकिए बमोजिमको भूबहाल कर बुझाई उपयोग गर्न सक्नेछ।

(ख) त्यस्तो जग्गा निजी स्वामित्वको भए गाउँपालिकाले अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थालाई वातावरणीय प्रभाव मूल्यांकन समेत गरी निजकै खर्चमा प्रचलित कानुन बमोजिम प्राप्त गराइदिन वा भूबहालमा दिलाई दिन सक्ने छ।

(२) खनिज कार्यको लागि कुनै जग्गामा केही समयको लागि कुनै यन्त्र, उपकरण, औजार जडान गर्न वा नाप नक्सा वा खनिज कार्य सम्बन्धी अन्य कुनै काम गर्न आवश्यक भएमा नियमको अधीनमा रहि त्यस्तो जग्गामा प्रवेश गरी त्यस्तो काम गर्न सक्ने छ।

(३) गाउँपालिका वा अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले खनिज कार्य गर्दा कुनै जग्गावालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा त्यस्तो जग्गामा रहेको बाली, रूख, घर, बस्तु वा अन्य सम्पत्ति नोक्सान भएमा गाउँ कार्यपालिकाले आवश्यक प्राविधिक परामर्श लिइ प्रचलित दरभाउलाई समेत ध्यानमा राखी सम्बन्धित जग्गावालालाई क्षतिपूर्ति दिइनेछ।

**४०. विष्फोटक पदार्थको प्रयोगः** खनिज कार्यको लागि आवश्यक विष्फोटक पदार्थहरू अनुमति प्राप्त व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारले समय समयमा निर्धारण गरे बमोजिमको शर्त तथा प्रचलित कानुनको अधीनमा रहि पैठारी, सञ्चय, ओसार पसार र प्रयोग गर्न सक्नेछ। उक्त कार्यका लागि गाउँपालिकाले सम्बन्धित निकायमा आवश्यक सिफारिसको लागि सहजीकरण गर्नेछ।

**४१. निरीक्षण तथा जाँचबुझः** (१) नियमावली बमोजिम खनिज कार्य भए नभएको निरीक्षण तथा जाँचबुझ गर्न पालिकाले कुनै विशेषज्ञ, अधिकारी वा निकायलाई जिम्मेवारी वा नियुक्त गर्न सक्नेछ।

(२) अनुगमन समितिले नै निरीक्षण तथा जाँचबुझ गरी सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्नेछ।

(३) उपनियमा (१) बमोजिम जिम्मेवारी तोकिएको विशेषज्ञ, अधिकारी वा निकायलाई निरीक्षण तथा जाँचबुझको सिलसिलामा खनिज कार्य भइरहेको वा हुने जुनसुकै ठाउँमा प्रवेश गर्न दिनु र निजले

बागमती गाउँपालिका, मकवानपुर

मागेको कागजात तथा विवरण उपलब्ध गराउनु अनुमतिप्राप्त व्यक्ति वा संगठित संस्थाको कर्तव्य हुनेछ ।

४२. **खनिज पदार्थ विकास केन्द्रः** (१) खानी तथा खनिज श्रोतहरूको विकास गर्न एवम् खनिज कार्यमा सहयोग पुऱ्याउन गाउँपालिकाले खनिज पदार्थ प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिकाले खनिज पदार्थ विकास केन्द्र वा त्यस्तै प्रकृतिको निकाय स्थापना गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम स्थापित खनिज पदार्थ विकास केन्द्रको काम, कर्तव्य र अधिकार कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

४३. **दण्ड सजायः** (१) कसैले ऐन र यस नियमावली बमोजिम खनिज कार्य गर्ने अनुमति नलिई खनिज कार्य गरेमा गाउँ कार्यपालिकाले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार र मालसामान तथा अनधिकृत तवरले उत्खनन् गरेको खनिज पदार्थ समेत जफत गर्नुका साथै त्यस्तो व्यक्तिलाई एक लाख रूपैयाँसम्म जरिवाना भराउन सक्नेछ, र त्यस्तो कार्यबाट नोक्सान भएको धनसम्पत्तिको क्षति पनि भराउन सक्नेछ ।

(२) अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले ऐन र नियमावली बमोजिम दिइएको निर्देशन वा आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरे सम्म गाउँपालिकाले खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति नै रद्द गर्न सक्नेछ र त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारणमा क्षति पुग्न गएमा, भूक्षय भएमा वा कसैको जीउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमा एक लाख रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र नोक्सानीको आधारमा मुनासिव क्षतिपूर्ति समेत अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाबाट भराउनु पर्नेछ ।

(३)अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले गाउँपालिकामा दिनुपर्ने सूचना वा प्रतिवेदन नदिएमा त्यसरी सूचना वा प्रतिवेदन नदिएसम्म गाउँपालिकाले खनिज कार्य स्थगित गर्न सक्नेछ ।

(४) अनुमति प्राप्त व्यक्तिले यस नियममा लेखिए बाहेक ऐनको अधीनमा बनेका कार्यविधिको नियम वर्खिलाप कुनै काम गरेमा गाउँ कार्यपालिकाले निज व्यक्ति वा संगठित संस्थालाई एक लाख रूपैयाँसम्म जरिवाना गर्न वा खनिज कार्य गर्न दिइएको अनुमति रद्ध गर्न सक्नेछ ।

(५) उपनियम (१), (२), (३) वा (४) बमोजिम कारवाही गर्नु भन्दा अगाडि गाउँ कार्यपालिकाले सम्बन्धित व्यक्ति वा संगठित संस्थालाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

बागमती गाउँपालिका, मकवानपुर

(६) गाउँपालिका वा अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले ऐन र नियमावली बमोजिम खनिज कार्य गर्दा कसैले वाधा विरोध गरेमा, अवरोध गरेमा वा रोकटोक गरेमा निजलाई प्रचलित कानुन बमोजिम कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुन सक्नेछ ।

(७) उपनियम (१), (२), (३), (४) वा (६) बमोजिम भएको सजायको आदेशमा चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

४४. **मध्यस्थताः** गाउँपालिका र अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाबीच खनिज कार्यसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा उठेको विवाद दुबै पक्षले आपसी सरसल्लाहबाट सुल्झाउन नसकेमा दुबै पक्षबीच भएको सम्झौतामा सोही बमोजिम र सम्झौतामा नतोकिएकोमा तोकिए बमोजिम वा गाउँ कार्यपालिकाको निर्णय बमोजिमको मध्यस्थताद्वारा समाधान गरिने छ ।

४५. **रद्ध गर्न सक्नेः** (१) गाउँपालिकाले स्थानीय, आन्तरिक वा राष्ट्रिय सुरक्षा वा सार्वजनिक हितको लागि आवश्यक देखेमा तुरून्त खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्ध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गाउँपालिकाले खनिज कार्य गर्ने अनुमति रद्द गर्दा अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थालाई पर्न गएको प्रत्यक्ष हानी नोक्सानीको निमित्त मनासिव माफिकको क्षतिपूर्ति दिनेछ ।

## परिच्छेद-७
## विविध

४६. **कार्यविधि, निर्देशिका तथा मार्गदर्शन बनाउने अधिकारः** ऐन र नियमको अधीनमा रहि गाउँ कार्यपालिकाले जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग व्यवस्थित गर्नका लागि तथा कार्यान्वयनका लागि विषयगत थप स्पष्टता पार्न, व्याख्या विश्लेषण गर्न उपयुक्त व्यवस्था तथा प्रावधान सहित आवश्यक कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाउन सक्नेछ ।

४७. **खारेजी तथा बचाउ :** नियमावलीमा सान्दर्भिकता नभएमा वा ऐन तथा प्रचलित कानून अनुसार अमान्य भएमा गाउँ कार्यपालिकाले नियमावलीको संशोधन र खारेजी गर्न सक्नेछ ।

अनुसूची १ (नियम १४ (२) सँग सम्बन्धित)

वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन बुझिलिएको भरपाई

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
(वन वातावरण तथा विपद् व्यवस्थापन शाखा)

दर्ता नं.:
दर्ता मितिः

**वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन बुझिलिएको भरपाई पाउँ ।**

श्री................

...........................

तपाइँ यस समितिमा पेश गर्नु भएको ............................................... को वातावरणीय प्रभाव मूल्यांकन फारम यस समितिमा बुझिलिई यो भरपाई दिइएको छ। ऐन तथा नियमावलीहरुको प्रावधानमा रहि अन्य आवाश्यक कार्यहरु गर्नुहुन अनुरोध छ।

....................

शाखा प्रमुख

बागमती गाउँपालिका, मकवानपुर

अनुसूची २ (नियम १८ सँग सम्बन्धित)

बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

मकवानपुर, बागमती प्रदेश, नेपाल

खनिज कार्य अनुमति नवीकरण पत्र

पत्र संख्याः ......................

मितिः ......................

श्री ............................................

ठेगानाः .........................................

उपरोक्त विषयमा तहाँ ................................ बाट यस बागमती गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेको तपाईं/तपाईंको कम्पनीले प्राप्त गरेको खानी तथा खनिज उत्खनन् अनुमति नवीकरण गर्न आवश्यक कागजात तथा प्रक्रिया पूरा गरी यस गाउँपालिकामा पेश गर्नुभएको निवेदन उपर आवश्यक जाँच र छलफल गर्दा अनुमतिपत्र नवीकरण गर्नु वाञ्छनीय देखिएकोले देहाय बमोजिम रहनेगरी नवीकरण गरिएको छ :

| क्र.सं. | विवरण | जानकारी |
|---|---|---|
| १ | कम्पनी/व्यक्तिको नाम | ............................................ |
| २ | ठेगाना | ............................................ |
| ३ | खानी तथा खनिजको प्रकार | ............................................ |
| ४ | खानी कार्य क्षेत्रफल (हेक्टरमा) | ............................................ |
| ५ | अनुमति प्राप्त मिति | ............................................ |
| ६ | नवीकरण मान्य हुने अवधि | ............................................ |
| ७ | भुक्तानी गरिएको दस्तुर | ............................................ |

- यस अनुमतिपत्र लाई देखिने स्थानमा टाँस गरी राख्नुहोला ।
- यस गाउँपालिका तथा प्रदेश एवम् संघीय मन्त्रालय र अन्य सम्बन्धित निकायबाट अनुगमनका क्रममा आउँदा यस अनुमतिपत्र उपलब्ध गराउनु पर्नेछ ।
- नवीकरण नगरिएको अनुमतिका आधारमा काम गरेमा कानुन बमोजिम कारवाही गरिने छ ।
- यस अनुमति नवीकरण पत्रमा कुनै केरमेट गरेमा, विवरण सच्याएमा वा जानकारी थपघट गरेमा कानुन बमोजिम कारवाही गरिने छ ।

अनुमति प्राप्त गर्ने व्यक्ति वा संगठित संस्था प्रतिनिधिको हस्ताक्षर

आज्ञाले,

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर